# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग १८ गते ०८ साल

## भाग ३

### उद्योग तथा वाणिज्यमन्त्रालयको विज्ञप्ति

रक्सौल नेपाल साइडिंग ग. स्टेशनमा आइपुगेका कोटाको कपडा गाँठ अन्नाजी ३००० इम्पोर्टर्सले नउठाएको हुनाले ओ.टी. रेल्वेका चीफ ट्रेफिक म्यानेजरले रक्सौल नेपाल साइडिंगको निमित्त बुकिङ्ग बन्द गराएको हुनाले नेपालमा अरू नयाँ कोटाको कपडा चलान गर्न नपाई कपडाको स्टक बढी रहेछ भन्ने ठाउँ ठाउँमा एक्सपोर्टसबाट रिपोट आएकोले सूचना गरेको छु, नेपाल साइडिंग स्टेशनमा आइरहेका कपडा नउठाउनेहरूले आजका ३ दिनभित्र उठाउनुहोला। नउठाएमा हाम्रो अरू कोटाको कपडा झिकाउने म्याद गुज्रने सम्भावनासमेत भएकोले कपडा नउठाउने इम्पोर्टर्सहरूलाई लागेको डिमरेज इत्यादिको जवाफदेही गराई निजहरूको सट्टा नयाँ इम्पोर्टर्स नियुक्त गरिनेछ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।